# माण्डु हाइड्रोपावर लि.

**१२औ वार्षिक साधारण सभाको निर्णय**
**दर्ता नं. १३३७**

स्थान/ Venue : कोर्टयार्ड, छाँया सेन्टर, ठमेल, काठमाडौं
माध्यम/ Medium : भौतिक उपस्थिति तथा विद्युतीय माध्यम
मिति / Date: २०८०।०८।१५
समय / Time : १०:०० बजे

**उपस्थिति :**

1. Mr. Maheshwor Prakash Shrestha -Chairman
   (Representative, Himalayan Infrastructure Fund Ltd.)
2. Ms. Sophia Pande' -Director
   (Representative, Himalayan Infrastructure Fund Ltd.)
3. Mr. Tian Jiayuan -Director
   (Representative, Sichuan Hechuan Investment Co. Ltd.)
4. Mrs. Zhu Xianxian
   (Representative, Sichuan Hechuan Investment Co. Ltd.) -Director
5. Mr. Rabindra Lal Shrestha
   (Representative of Independent) -Director

**गणपूरक संख्याः**

| उपस्थित | प्रतिशत् (%) |
|---|---|
| संस्थापक शेयरधनी स्वयं उपस्थित | ७०.७८ |
| संस्थापकको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित | ८.१४ |
| र्सवसाधारण शेयरधनीको तर्फबाट स्वयं उपस्थित | ०.०४ |
| र्सवसाधारणको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित | ०.६७ |
| कूलशेयर संख्याको उपस्थित प्रतिशत | ७९.६३ |

**सभाको वैधानिकता**

आज बसेको यस कम्पनीको १२ औ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री महेश्वर प्रकाश श्रेष्ठज्यूको अध्यक्षतामा बसेको वैठकमा सर्वप्रथम अध्यक्ष ज्यूले संचालक, शेयरधनी तथा अन्य उपस्थीत महानुभावहरुलाई कम्पनीको यस बार्षिक साधारण सभामा स्वागत गर्नुभयो । मिति २०८०/०७/१६ गतेको

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

यस कम्पनीको संचालक समितिको वैठकको निर्णयानुसार यस कम्पनीको आ.व. २०७९/०८० को बार्षिक आर्थिक बिवरण, संचालकको प्रतिबेदन, दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु शेयरधनीहरुको Email ठेगानामा पठाईको साथै उपरोक्त बमोजिम यस कम्पनीको आ.ब. २०७९/०८० को बार्षिक साधारण सभामा सबै शेयरधनीहरूलाई भाग लिनका लागि मिति २०८०/०७/१७ र २०८०/०७/२१ गतेको राष्ट्रिय दैनिक पत्रिका "कारोवार" मा वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावको ब्यहोरा समेत उल्लेख गरी सूचना प्रकाशन गरिएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम गणपूरक संख्या पुगेको र सभाको कार्वाहीका लागि वैधानिकाता ठहर गर्दै साधारण सभाको विषय सूचिमा प्रवेश गरी देहाय अनुसार छलफल तथा निर्णय गरियो ।

**बाह्रौ वार्षिक साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरु (एजेन्डाहरु) :**

१. **सामान्य प्रस्ताव :**

क) आ.व. २०७९/०८० सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।

ख) आ.व. २०७९/०८० को लेखापरिक्षकको प्रतिवेदन, २०८० असाढ मसान्त सम्मको वासलात र आ.व. २०७९/०८० को आयव्ययविवरण र सोही अवधिको नगद प्रवाह लगायत वित्तिय विवरण उपर छलफल गरि स्विकृत गर्ने ।

ग) आ.व. २०८०/०८१ को कारोवारको हिसाव लेखापरिक्षण गर्नका निमित्त लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) आ.व.२०७९/०८० को मुनाफावाट शेयरधनीहरुलाई कम्पनीको हालको (र्सवसाधरण लाई शेयर निश्कासन पछि) चुक्ता पुँजी १,३६,३६,३७,०००/- को १०% ले हुन आउने रु.१३,६३,६३,७००/-(अक्षरुपी तेह्र करोड त्रिसट्ठी लाख त्रिसट्ठी हजार सात सय रुपैयाँ ) नगद लाभांश प्रचलित कानुन बमोजिम कर कट्टी गरी वितरण गर्ने ।

ङ) सर्वसाधरण समूह बाट १ जना संचालकको निर्वाचन एव संस्थापक तर्फको संचालक नियुक्ती अनुमोदन गर्ने ।

च) संचालक समितिको प्रति बैठक भत्ता निर्धारण गराउने प्रस्ताव पारित गर्ने ।

२. **विषेश प्रस्ताव :**

क) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना दफा (२) सशोधन गर्ने सम्बन्धी प्रस्ताव परित गर्ने ।

ख) कम्पनीको नियमावलीमा ३८ (३) संचालक समितिको बैठक सम्बन्धी कार्यविधिमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. **विविध :**

MANDU HYDROPOWER LTD.
Regd.
1337/68/069

## छलफल तथा निर्णयहरु

१. **सामान्य प्रस्ताव :**

क) **प्रस्ताव नं.१ को (क) उपर छलफल हुँदा** यस कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष ०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । तत् पश्चात उक्त वार्षिक प्रतिवेदन र आर्थिक बर्ष ०७९/०८० को वित्तिय विवरण उपर छलफलगर्न शेयरधनीहरुलाई प्रस्ताव गरिएकोमा, शेयरधनीहरु इन्द्र कृष्ण श्रेष्ठ, शत्रुधन श्रेष्ठ, निरुपमा गुप्ता, उद्धव पाठक, डमरु वल्लभ घिमिरे, कृष्ण प्रसाद अधिकारी र हिदम लामाले आ-आफ्नो तर्फबाट राय, सुझाव, प्रतिकृया र जिज्ञाशाहरु राख्नुभयो । जसको सारभुत भनाई निम्नअनुसार छन् ।

- कम्पनीले सर्वसाधारणमा शेयर जारी गरेको छोटो समयमै १० प्रतिशत लाभांश वितरण गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- कम्पनीले संचालन खर्चमा अपनाएको मितव्ययीताको तथा कम्पनीको चुस्त व्यवस्थापनको प्रशंसा गर्नुभयो ।
- कम्पनीमा लगानी रहेको विदेशी लगानीकर्ता वारे जिज्ञासा राख्नुभयो ।
- संचालक निर्विरोध निर्वाचित भएकोमा बधाई ज्ञापन गर्नुभयो ।
- नगद लाभांशको साथमा वोनस शेयरपनि वितरण गरे राम्रो हुने सुझाव पेश गर्नु भयो ।
- वार्षिक प्रतिवेदनमा संचालकहरु तथा व्यवस्थापन समूहको तस्वीर पनि भए राम्रो हुने सुझाव पेश गर्नु भयो ।
- वार्षिक प्रतिवेदन प्रकाशित गर्दा कम्पनीको संक्षिप्त परिचय मात्र अलग्गै पृष्ठमा प्रकाशित गर्न सुझाव पेश गर्नु भयो ।
- प्रिमियममा शेयर जारि गरिएको रकमको उपयोगीता बारे जिज्ञासा राख्नु भयो ।
- बैंकको ऋृण भत्तानीको स्थिति बारे जानकारी माग गर्नु भयो ।
- कम्पनकिो संचालक भत्ता सम्बन्धी नियमावलीमा भएको व्यवस्था वारे जिज्ञासा राख्नु भयो ।
- कम्पनीको रजिष्ट्रार कार्यालय र हालको कार्यालय फरक रहेको वारे प्रश्न गर्नुभयो ।
- आयोजना रहेको स्थानको वारे जानकारीको माग गर्नु भयो ।
- कम्पनीले गरेको सामाजिक उत्तरदायित्वको खर्च वारे जिज्ञासा राख्नु भयो ।
- आयोजना स्थलमा खोलाले बगाएर ल्याएको शव व्यवस्थापन खर्च हाल गाँउपालिकाले गर्ने गरिएकोमा, आयोजनाले सामाजिक उत्तरदायित्व अन्तर्गत समावेश गरिदिन अनुरोध गर्नुभयो ।

कम्पनीको सभामा शेयरधनीहरुले राख्नु भएको राय, सुझाव, प्रतिकृया र जिज्ञाशाहरु प्रति अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्दै निम्न लिखित जवाफ दिनुभयो ।

MANDU HYDROPOWER LTD.
Regd.
1337/68/069

- कम्पनीमा चाईनाको Sichuan Hechuan Investment Co. Ltd को लागानी रहेको । यो चाईना सरकारको स्वामित्व रहेको कम्पनी हो । यस कम्पनीले बागमती साना जलविद्युत आयोजनाको सफलता पछि अन्य आयोजनामा पनि लगानी गरिरहेको छ ।
- बोनस शेयर र हकप्रद शेयर कम्पनीको भविश्यमा हुने लगानीको लागि पूँजीको आवश्यकता हेरी जारी गरिनेछ ।
- वार्षिक प्रतिवेदन प्रकासित गर्दा प्रतिवेदनमा आगामी वर्ष संचालक तथा व्यवस्थापन समूहहरुको फोटो सहित प्रकासित गरिने तथा कम्पनीको संक्षिप्त परिचय उल्लेख गरिनेछ ।
- यस कम्पनीले गत आ.व मा आफनो पुंजि र ऋण बाट जम्मा रु ४० करोड तुंडी पावर कंम्पनीमा लगानी गरेकोमा प्रिमियममा शेयर जारी गरि प्राप्त रकम रु ३३.७१ करोड रकम बैंकको ऋण भत्तान गरिएको छ ।
- परियोजनाको कर्जाको सांवा तथा व्याज नियमित रुपमा तिर्दै आएको र बांकि रकम २०८६ साल आषाढ मसान्त भित्र चुक्ता गरिसकिने ।
- कम्पनीको नियमावली, संचालकहरुको भत्ता सम्बन्धी व्यवस्था रहेता पनि हालसम्म नलिएको हुनाले संचालकहरुको भत्ता निर्धारण सम्बन्धी प्रस्ताव पेश गरिएको हो ।
- कम्पनीले हालसालै कार्यालय स्थानान्तरण गरिएकोले ठेगाना परिवर्तन भएको जस सम्बन्धी प्रवन्धपत्र नियमावली संशोधन गर्न यसै साधारण सभामा पेश गरिएको छ ।
- आयोजना स्थल मकवानपुर जिल्लाको भिमफेदी गाँउपालिका र ललितपुर जिल्लाको बागमती गाँउपालिकामा रहेको ।
- सामाजिक उत्तरदयित्व अन्तर्गतको खर्च आयोजना रहेको स्थानमा गरिएको र गर्दै जाने तथा खोलाले बगाएर ल्याएको शव व्यवस्थापन गर्न खर्च दिने जानकारी गराउनु भयो ।

तत् पश्चात अध्यक्षज्यूले आ.व. २०७९/०८० सञ्चालक समितिको वार्षिक प्रतिवेदनस्विकृत गर्न सभा समक्ष प्रस्ताव गर्नुभयो र उक्त वार्षिक प्रतिवेदन आजको सभाबाट सर्वसम्मतिले स्वीकृत गरियो ।

ख) **प्रस्ताव नं. ख उपर छलफल हुँदा** आजको यस वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्षज्यूले लेखापरिक्षक श्री **A.Bhandari Associates Chartered Accountants** ले तयार गर्नुभएको आ.व. २०७९/०८० को लेखा परिक्षकको प्रतिवेदन, वासलात, आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी उक्त प्रतिवेदन तथा आ.ब. २०७९/०८० अर्थात २०७९ श्रावण १ देखी २०८० आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह यविवरण पारित गर्ने निर्णय गरियो ।

ग) **प्रस्ताव नं. ग उपर वैठकमा छलफल हुँदा**लेखापरिक्षक श्री LA &Associates यस कम्पनीको आगामि आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्न नियुक्तिका लागि योग्य रहनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस कम्पनीको आगामि आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्न संचालक

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

समितिको सिफारिस बमोजिम लेखापरिक्षक श्री LA &**Associates** लाई नियुक्ति गर्ने र निजको पारिश्रमिक (मु.अ.कर बाहेक) वार्षिक रु.१,५०,००० (अक्षरेपी एक लाख पचास हजार रुपैयाँ मात्र) निर्धारण गर्ने निर्णय पारित गरियो ।

घ) **प्रस्ताव नं. घ उपर छलफल हुँदा**सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/०८० को कम्पनीको मुनाफावाट कम्पनीका शेयरधनीहरुलाई कम्पनीको चुक्ता पुँजी रु १,३६,३६,३७,०००/- को १०% ले हुन आउने रु.१३,६३,६३,७००/-(अक्षरुपी तेह्र करोड त्रिसठ्ठी लाख त्रिसठ्ठी हजार सात सय रुपैयाँ ) नगद लाभांश (कर समेत) वितरण गर्ने प्रस्ताव पारित गरियो ।

ङ) **प्रस्ताव नं. ङ उपर** छलफल गर्दाको क्रममा यस कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधरण शेयरधनीहरुको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्ने १(एक) जना सञ्चालकको निवार्चन गर्ने प्रयोजनको लागि त्रिपुरेश्वर स्थित सगरमाथा ल फर्मका अधिवक्ता श्री सन्तोष कुमार भट्टराईज्यूलाई निवार्चन अधिकृतमा नियुक्ति गरी आवश्यक जिम्मेवारी दिईएको थियो ।

यसरी निज निवार्चन अधिकृतज्यूले साधारणसभा समक्ष बडो रोचक रुपमा सर्वसाधारणको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्ने १(एक) जना सञ्चालकको निवार्चनको लागि ***"माण्डु हाइड्रोपावर लिमिटेडको सञ्चालक निवार्चन कार्यबिधि निर्देशिका २०८०"*** बमोजिमको प्रकृया मार्फत प्रकृयाहरु सुरुवात गर्ने क्रममा हाइड्रोपावर कम्पनीको सुचना पाटी, Website र मिति २०८०/०८/०८ को कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित सुचना लगायतका निर्वाचनसँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरुको बारेमा शेयरधनीहरुलाई सूचीत गराउनु भएको थियो । अन्तमा, निवार्चन कार्यबिधि निर्देशिका २०८० मा भएको व्यवस्था बमोजिम मिति २०८०/०८/११ मा मनोनयन दर्ता गर्नुहुने श्री **बरुण श्रेष्ठ**ज्यूको मात्र उम्मेदवारी परेकोले सर्वसम्मत रुपमा निर्बिरोध भएको घोषणा गर्दै प्रमाण-पत्र समेत प्रदान गर्नुभयो ।

यसरी निर्वाचनसँग सम्बन्धीत भए गरेका कामकारवाहीहरु अनुमोदनको लागि सभाहलमा प्रस्ताब गर्दा बडो उल्लासका साथ तालिले स्वागत गर्दै मञ्जमा आशिन गराए पश्चात अध्यक्षज्यूले स्वागत गर्दै, सञ्चालक समितिमा ४(चार) बर्षे कार्यकालको लागि सर्वसाधारणको तर्फबाट नबप्रबेशी निवार्चित संचालकज्यु लाई पदभार ग्रहण गराउदै साविकको मितिमा संस्थापक समुहबाट रिक्त स्थानमा श्री सोफिया पाँडेज्यूको नियुक्तीलाई समेत अनुमोदनको गर्दै नियमक निकायबाट सोही बमोजिम सञ्चालक लगत समेत लिई कम्पनीका यावत गतिबिधिहरु अघि बढाउने घोषणा गरी यस कम्पनीको सर्वसाधरण शेयरधनीहरुको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्ने १(एक) जना सञ्चालकको निवार्चन सम्पन्न गराउनुहुने निवार्चन अधिकृतलाई धन्यबाद ज्ञापन गरी निवार्चनसँग सम्बन्धीत एजेण्डाहरु समेत सम्पन्न भएको घोषणा गर्नेभयो ।

च) **प्रस्ताव नं. च उपर** छलफल हुंदा अध्यक्ष तथा संचालकहरुलाई प्रति बैठक रु. १०,००० बैठक भत्ता उपलब्ध गराउने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069

२. **विषेश प्रस्ताव :**

क) **विषेश प्रस्ताव नं. क** १. उपर छलफल हुंदा यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.३१ हेरिटेज प्लाजामा रहने गरी दर्ता गरिएकोमा सो स्थानबाट लि.को काम कारोबार गर्न विविध कठिनाई आइपरेकोले कम्पनीको ठेगाना साबिकबाट काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.०२ लाजिम्पाट मा ठाउँसारी गर्दा कम्पनीको कारबाहीमा सुगम हुने देखी सोही बमोजिम हुने गरी कम्पनीको ठेगाना परिवर्तन गर्ने भनी आजको यस साधारणसभाबाट विशेष प्रस्ताव पारित गरियो । साधारणसभाको उक्त प्रस्ताव बमोजिम कम्पनीको ठेगाना परिवर्तन गर्ने निर्णयपछि प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा हुन जाने संशोधनलाई देहायबमोजिम २/२ प्रति टाईप गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने भन्ने समेतको विशेष प्रस्तावउपर छलफल भई विशेष प्रस्ताव पारित गरियो ।

**प्रबन्ध-पत्रमा भएको संशोधनको व्यहोरा**

**दफा २. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.०२ लाजिम्पाटमा रहनेछ। आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

**नियमावलीमा भएको संशोधनको व्यहोरा**

**नियम २.कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.०२ लाजिम्पाटमा रहनेछ। आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

ख) **विषेश प्रस्ताव नं. ख उपर** छलफल हुंदा संचालकहरु संचालक समितिको बैठकमा स्वयं उपस्थित हुनुपर्ने वा कम्पनीको कुनै संचालक (बैकल्पिक संचालक समेत) कुनै कारणले कम्पनीको संचालक समितिको बैठकमा स्वयम् उपस्थित हुन नसकेमा भिडियो कन्फरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत संचालक समितिको बैठकमा उपस्थित भई बैठकमा भाग लिन र आफ्नो मत प्रयोग गर्नु पर्ने हुँदा कम्पनीको नियमावलीमा ३८ (३) मा संशोधन गर्ने प्रस्ताव पारित गरियो ।

**नियमावलीमा भएको संशोधनको व्यहोरा**

**नियम ३८(३). संचालक समितिको बैठक सम्बन्धी कार्यविधि:**

यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीको कुनै संचालक (बैकल्पिक संचालक समेत) कुनै कारणले कम्पनीको संचालक समितिको बैठकमा स्वयम् उपस्थित हुन नसकेमा भिडियो कन्फरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत संचालक समितिको बैठकमा उपस्थित भई बैठकमा भाग लिन र आफ्नो मत प्रयोग गर्न सक्नेछ ।

MANDU HYDROPOWER LTD.
Regd.
1337/68/069

३. **विविध :**

आ.व. २०७९/०८० मा यस कम्पनीको संचालक समितिबाट भए गरेका सम्पुर्ण काम कार्वाहीहरू सन्तोषजनक तथा कानून संगत भएको देखिएकोले उक्त आ.व. २०७९/०८० मा सञ्चालक समितिले गरेका सम्पुर्ण काम कार्वाहिहरू लाई अनुमोदन गर्दै हाल भएको संशोधनहरु अभिलेख गराई लिने शिलशिलामा नियमक निकायको सुझाब बमोजिम प्रबन्ध-पत्र र नियमावलीमा हुने समान्य थपघट एवम् संशोधन आई परेका सोही बमोजिम काम गर्न गराउन बोर्डलाई अख्तियारी दिने निर्णय गरीयो ।

अन्त्यमा आजको यस बार्षिक साधारण सभामा छलफल गर्नुपर्ने अन्य कुनै बिषय नभएको हुँदा संचालकहरु लाई वहाँहरुको योगदानको प्रसंशा गर्दै सभामा उपस्थित सम्पुर्ण शेयरधनीज्यू तथा आमन्त्रीत महानुभावहरु हरुलाई धन्यवाद दिनुहुदै अध्यक्षज्यूले सभा विसर्जन गर्नुभयो ।

MANDU HYDROPOWER LTD. Regd. 1337/68/069